ललितपुर महानगरपालिका
ललित महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

२०७८ । ०२ । ११
ने.स. ११४१ वछलाथ्व चतुर्दशी

## प्रेस विज्ञप्ति

अहिले हामी कोरोना भाइरस (कोभिड-१९) महामारीको दोस्रो लहरको सामना गरिरहेका छौं । कोभिडको यो लहर नयाँ स्वरुपमा घातक रुपमा देखा परेको छ ।

कोभिडको दोस्रो लहरको सङ्क्रमण तीव्रगतिमा फैलिरहेको अवस्थामा संक्रमितलाई लक्षित गरेर ललितपुर महानगरले अक्सिजनसहितको अत्याधुनिक दुईवटा आइसोलेसन सेन्टर संचालन गरेको छ । महानगरपालिकाको वडा नं. २६ सुनाकोठीस्थित नेपाल युथ फाउण्डेसनको पोषण पुनर्स्थापना गृहमा एचडीयू (High Dependency Unit) सहितको ५० शय्याको आइसोलेसन सेन्टरबाट संक्रमितहरुले सेवा प्राप्त गरिरहनु भएको छ । त्यसैगरी वडा नं ४ स्थित बागडोलमा रहेको ज्यापु समाजको वृद्धाश्रम आनन्द निकेतन भवनमा संचालन गरिएको एक सय १० शय्याको आइसोलेन सेन्टरमा पनि एचडीयू लगायत अन्य स्वास्थ्य सुविधा थप गर्ने महानगरले तयारी गरेको छ । यी आइसोलेन सेन्टरहरुमा मनोसामाजिक परामर्शको समेत व्यवस्था छ । पोषणविद्को सल्लाह अनुसार आइसोलेसन सेन्टरमा पौष्टिक र सन्तुलित खाजा र खानाको पनि निःशुल्क व्यवस्था गरिएको छ ।

ललितपुर महानगरपालिकाले संचालन गरेका यी आइसोलेसन कोरोना संक्रमितहरुको लागि हो । संक्रमण समुदाय स्तरमा फैलिएकाले घरैपिच्छे जस्तो संक्रमित रहेको अहिलेको वास्तविकता हो । महानगरले संकलन गरेको तथ्यांक अनुसार संक्रमितमध्ये धेरै जसो 'होम आइसोलेसन' मा रहेका छन् । स्वास्थ्य मापदण्ड पुरा गरेर स्वास्थ्यस्थितिको गम्भीर निगरानी गरी होम आइसोलेसनमा बस्नु राम्रो हो । तर, व्यवहारिक कठिनाई हुँदाहुँदै, व्यवस्थापनमा अप्ठ्यारो झेलेर होम आइसोलेसनमा बस्नु संक्रमित स्वयम, परिवार र समुदायको लागि समेत स्वस्थकर हुँदैन । त्यसैले,संक्रमितहरुलाई लक्षित गरि महानगरले संचालन गरेको संस्थागत आइसोलेसनमा गएर बसी स्वास्थ्य लाभ गर्न हुन अनुरोध गर्दछु ।

यो महामारीविरुद्ध लड्न संस्थागत प्रयास मात्रै पर्याप्त हुँदैन । संक्रमणको फैलावट रोक्नका लागि गरिएको निषेधआज्ञालाई प्रभावकारी बनाउन आम नागरिकको पनि भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ । त्यसैले, अत्यावश्यक काममा मात्रै घरबाट निस्कौं, घरबाहिर निस्कनै पर्ने अवस्थामा नाक, मुख राम्ररी छोपेर मास्क लगाऔं । समय, समयमा साबुनपानीले हात धोऔं वा स्यानिटाइजरले हात सफा गरौं । दुई व्यक्तिबीचको दुरी कायम गरौं ।

यो महामारी विरुद्ध अग्रपंक्तिमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, सफाईकर्मी र संचारकर्मी साथै सबै तह र तप्कामा रहेका व्यक्तिहरुको सक्रियता, समर्पण र लगनशीलताको म उच्च प्रशंसा गर्दछु ।

चिरीबाबु महर्जन
प्रमुख
ललितपुर महानगरपालिका



Scanned with CamScanner